# दशरथचन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)

गढी, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल


**विद्यार्थी भर्ना अभियान २०८१ सम्बन्धमा दशरथचन्द नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको सरोकारवाला सबैमा हार्दिक अनुरोध।**

शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान " सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता " भन्ने आदर्श वाक्यका साथ देशभर वैशाख २ गतेदेखि सुरु हुँदैछ। उक्त कार्यक्रममा विद्यालय उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा सम्बन्धी मौलिक हक कार्यन्वयनको सुनिश्चितता गर्न र विद्यार्थी भर्ना अभियानलाई सफल पार्न विविध कार्यक्रम सहित देहाय बमोजिम गर्नुहुन दशरथचन्द नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछ।

<u>तपसिल:</u>

- दशरथचन्द नगरपालिका अन्तर्गतका शिक्षण संस्थाहरुले विद्यार्थी भर्ना अभियान कार्यक्रमको कार्यतालिका निर्माण गरी २०८१ वैशाख पहिलो साता भित्र विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम संचालन गर्नुहुन र दोस्रो हप्ता देखि वैशाख मसान्त सम्म नियमित पठनपाठनका साथै घरदैलो कार्यक्रम संचालन गरी विद्यालय उमेर समुहका विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्नाको पहल गर्नुहुन।
- विद्यालयहरुले समयमै पाठ्यपुस्तक खरिदगरी नयाँ शैक्षिक सत्र २०८१ मा भर्ना भएका सबै विद्यार्थीहरुलाई वैशाख महिनाको पहिलो सातामै पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था मिलाउन हुन।
- सार्वजनिक जीवनमा रहेका व्यक्ति, कलाकार, राजनैतिक व्यक्ति, नागरीक समाज, पत्रकार, वि.व्य.स., शिक्षक अभिभावक संघ, बालक्लब, विद्यालयको उच्चतम तहका विद्यार्थी, आमा समुह, शिक्षा क्षेत्रमा कार्यरत संघसंस्थाहरु सबैले विद्यार्थी भर्ना अभियानमा हातेमालो गर्दै भर्ना अभियानलाई सफल बनाउन आवश्यक समन्वय र सहयोग गर्नहुन।
- विद्यालयहरुले आफ्नो सेवाक्षेत्र भित्रका अभिभावकहरुलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा अन्य सामाजिक संजाल समेतका माध्यमबाट सूचना प्रवाह गरी भर्ना गर्न लगाउने व्यवस्था गर्नुहुन।
- अभिभावकविहिन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाको पढाईमा निरन्तर सहयोग गर्ने व्यक्तिहरुको उचित पहिचान, सम्मान र अभिलेख राख्ने व्यवस्था मिलाउन हुन।
- सामुदायिक सिकाई केन्द्रहरुले विद्यालय बाहिर रहेका बालबालिकाको लगत संकलन गरि विद्यालयमा भर्ना गर्नका लागि समन्वय र प्रचार प्रचार गरिदिन हुन।

२०८१।१२।३०

शिक्षा अधिकृत


Phone No.: 095-590319 email: education.dnp@gmail.com Website: www.dasharathachandmun.gov.np

- विद्यार्थी भर्ना अभियान कार्यक्रमको सम्बन्धमा आवश्यक सूचना, समन्वय र सहजीकरणको लागि विद्यालय स्तरमा एकजना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको व्यवस्था मिलाउन हुन।
- सम्वन्धित वडा कार्यालयहरुले विद्यार्थी भर्ना अभियान कार्यक्रम सफल पार्न आवश्यक समन्वय र सहजीकरण गरिदिनहुन तथा अभिभावकविहिन वालवालिकाहरुको अभिभावकत्व ग्रहण गरि आवश्यक व्यवस्थापनमा सहजीकरण गरिदिनहुन।
- विद्यालयमा भर्ना भएका वालवालिकाको उमेरगत विवरण सहितको प्रतिवेदन २०८१ जेठ ०१ गतेसम्म शाखामा पेश गर्नुहुन।

विद्यार्थी भर्ना अभियानलाई सफल पार्न सम्पूर्ण सार्वजनिक जीवनमा रहेका व्यक्तित्वहरु, कलाकार, राजनैतिक व्यक्तित्वहरु, नागरीक समाज, पत्रकार, वि.व्य.स., शिक्षक अभिभावक संघ, बालक्लब, विद्यालयको उच्चतम तहका विद्यार्थी, आमा समूह, शिक्षा क्षेत्रमा कार्यरत संघसंस्थाहरु, शिक्षासेवी, बुद्धिजीवी लगायत सम्पूर्ण आमाबुवा, दाजुभाइ, दिदीबहिनीहरुमा हार्दिक अनुरोध गर्दै नयाँ जोस, उत्साह अनि उमङ्ग बोकेर आउँदै गरेको नयाँ वर्षले नयाँ खुसी र उमङ्गका साथ यहाँहरुको जीवनमा खुसीयालीका रङ्ग भर्न सकोस्। परिवारमा खुसी, शान्ति र समृद्धिका साथ यहाँहरुलाई कर्तव्यपथमा निर्भिक र इमान्दारितापूर्वक हिड्न सहयोग गरोस्। नयाँ वर्ष २०८१ को हार्दिक मंगलमय शुभकामना।।

हरिश प्रकाश भट्ट

शिक्षा शाखा प्रमुख

शिक्षा अधिकृत



CamScanner